NYIC 35 YEARS OF BUILDING IMMIGRANT POWER



# न्यूयोर्क राज्यको समुदाय टुलकिट

आप्रवासी न्यूयोर्कवासीहरूको लागि संसाधन निर्देशिका
मार्च/अप्रिल 2023




**New York Immigration Coalition**
nyic.org

न्यूयोर्क इमिग्रेशन कोलिसनले यो टुलकिट समुदायका सदस्यहरू र हाम्रा साझेदार तथा उनीहरूसँग काम गर्ने सहयोगीको लागि संसाधन उपलब्ध गराउन विकास गरेको छ। यो टुलकिट नियमित रूपमा परिवर्तन हुने कानून र नीतिहरूमा आधारित हुन्छ।

पछिल्लो पटक अद्यावधिक गरिएको जानकारी : 03.31.2023

## विषयवस्तुहरू


- स्वास्थ्य **3**
- अध्यागमन **4**
- शिक्षा **7**
- प्रजातन्त्र **8**
- अर्थव्यवस्था **9**
- आफ्ना अधिकारहरू थाहा पाउनुहोस् **11**
- घृणा अपराधहरू **12**
- NYS संसाधनहरू **13**

# स्वास्थ्य



**स्वास्थ्य बिमा**

- Medicaid, Child Health Plus, र Essential Plan मा नामाङ्कन भएका न्यूयोर्कवासीहरूका लागि महत्त्वपूर्ण परिवर्तनहरू चाँडै आउँदैछन्।
    - COVID-19 सम्बन्धी संघीय सरकारका नीतिहरूको कारण, 2020 को शुरुवात देखि यी कार्यक्रमहरूमा नामाङ्कन भएका मानिसहरूको कभरेज स्वतः रूपमा विस्तार गरिएको छ।
    - यद्यपि, नयाँ संघीय नियमहरू अनुसार NY राज्यले यी कार्यक्रमहरूमा नामाङ्कन भएका मानिसहरूको योग्यताको समीक्षा र नवीकरणहरू पुनः शुरु गर्नुपर्नेछ। यसको अर्थ, तपाईंले आफ्नो स्वास्थ्य बीमा वा तपाईंको परिवारका सदस्यहरूको बीमा नवीकरण गर्ने कार्य गर्नुपर्ने हुनसक्छ।
    - 2023 को वसन्तमा शुरु हुने गरि, यी कार्यक्रमहरूमा नामाङ्कन गर्नेहरूलाई उनीहरूको नामाङ्कनको अन्तिम मितिहरूको आधारमा नवीकरण सूचनाहरू पठाइनेछ। नवीकरण सूचनाहरूमा उनीहरूको बीमा नवीकरण गर्न वा कभरेजमा अन्तर हुने जोखिमको लागि कार्य गर्ने अन्तिम मिति समावेश हुनेछ। म्यादहरू तिनीहरूको नामाङ्कन अन्तिम मितिहरूमा आधारित हुनेछन् र जुन 30, 2023 देखि मे 31, 2024 सम्म हुनेछ।
    - NY State of Health बाट टेक्स्ट अलर्टहरूको लागि साइन अप गर्नुहोस् ताकि तपाईंले नवीकरण गर्ने समय सहित महत्त्वपूर्ण स्वास्थ्य बीमाका अपडेटहरू नछुटाउनुहोस्:
        - 1-866-988-0327 मा START लेखेर टेक्स्ट गर्नुहोस् (स्पेनिशको लागि, INCIAR लेखेर टेक्स्ट गर्नुहोस्)
- थप जानकारीको लागि, info.nystateofhealth.ny.gov/COVID-19-Changes मा जानुहोस्
- न्यूयोर्कवासीहरूले NY State of Health मार्फत सार्वजनिक र व्यावसायिक स्वास्थ्य बीमा प्राप्त गर्न सक्छन्।
    - तपाईंले 2023 मा व्यवसायिक स्वास्थ्य बीमा कभरेज प्राप्त गर्नको लागि मे 11, 2023 सम्म नामांकन गर्नुपर्नेछ।
    - तपाईंले वर्षभरि कुनै पनि बेला मेडिकेड, चाइल्ड हेल्थ प्लस, र एसेन्सियल प्लानमा नामांकन गर्न सक्नुहुन्छ।
- कसरी नामांकन गर्ने
    - नेभिगेटरबाट व्यक्तिगत रूपमा वा फोनद्वारा निःशुल्क नामांकन सहयोग प्राप्त गर्नुहोस्। info.nystateofhealth.ny.gov/ipanavigatorsitelocations मा नेभिगेटर प्राप्त गर्नुहोस्।
    - NY राज्यको स्वास्थ्य ग्राहक सेवा केन्द्रलाई 1-855-355-5777 मा फोन गर्नुहोस्।
    - nystateofhealth.ny.gov मा अनलाइन जानुहोस् । तपाईंलाई आफ्नो आवेदन भर्नको लागि सहयोग गर्न ग्राहक सेवा केन्द्रको समयमा वेबसाइटमा च्याट सुविधा उपलब्ध छ।
    - न्यूयोर्क शहरका बासिन्दाहरूले : 311 मा फोन गर्नुहोस्, 877-877 मा "CoveredNYC" लेखेर पठाउनुहोस्, वा सहयोग र थप स्रोतहरूका लागि on.nyc.gov/healthinsurance मा जानुहोस्।
- info.nystateofhealth.ny.gov/InformationalMaterials मा स्वास्थ्य कभरेजको बारेमा विभिन्न भाषाहरूमा जानकारी पाउनुहोस्

**संघीय जनस्वास्थ्य आपतकालीन अन्त्य हुने**

- 2020 मा, संघीय सरकारले COVID-19 को कारण जनस्वास्थ्य आपतकालीन घोषणा गरेको थियो। आपतकालीन घोषणा मे 11, 2023 मा अन्त्य हुनेछ।
- यसको अर्थ स्वास्थ्य बीमा कार्यक्रमहरूको साथै COVID-19 खोप, जाँच र उपचारमा परिवर्तन हुनेछ।
    - खोपहरू सामान्यतया बीमा योजनाहरूद्वारा कभर गरिनेछ।
    - अधिकांश मानिसहरूको लागि निःशुल्क जाँचमा पहुँच (व्यक्तिगत वा घरमा जाँच गर्ने किटहरू) समाप्त हुनेछ।
    - सङ्घीय सरकारले खरिद गरेको उपचार सामाग्री रहँदासम्म विरामीहरूका लागि निःशुल्क रहनेछ।
    - कभरेजको विवरणहरू तपाईंको स्वास्थ्य बिमा योजना वा कार्यक्रमको आधारमा फरक हुनेछन्।

# आप्रवास 1/3

**क्यानाडामा प्रवेश गर्न आशा गर्ने आप्रवासीहरूको लागि रोक्सहम रोड अब बन्द गरिएको छ**


- मार्च 24, 2023 मा, संयुक्त राज्य र क्यानाडाले अमेरिका र क्यानडा बीचको भूमि सीमामा कसले शरण लिन सक्छ भन्ने निर्धारण गर्ने सुरक्षित तेस्रो देश सम्झौतामा परिवर्तनहरूको घोषणा गरेको छ।
- मार्च 25, 2023 देखि शुरु हुने गरि रोक्सहम रोड र अन्य अनियमित सीमा काटेर क्यानाडामा प्रवेश गर्ने मानिसहरूले तिनीहरू विशिष्ट छुटहरूको लागि योग्य भएकोमा र प्रमाणित गर्न सक्ने भएकोमा बाहेक उप्रान्त क्यानाडामा शरण लिन सक्ने छैनन्।
- यदि तपाईं योग्य नहुनुभएमा, तपाईंलाई अमेरिकामा फिर्ता पठाइनेछ, र तपाईंले फेरि कहिल्यै पनि क्यानाडामा शरण दाबी गर्न सक्नुहुने छैन। फिर्ता पठाएपछि, तपाईंलाई अमेरिकामा हिरासतमा राख्न सकिनेछ, र तपाईंको गृह देशमा डिपोट पनि गर्न सकिनेछ।
- थप जानकारीको लागि (अंग्रेजी, स्पेनिश र फ्रेन्चमा) र आफ्नो अवस्था बारेमा सल्लाह कसरी प्राप्त गर्ने भन्नाको लागि, bridgesnotborders.ca मा जानुहोस्।

**क्युबाली, हाइटीवासी, निकारागुवावासी र भेनेजुएलावासीहरूका लागि नयाँ प्रक्रिया**

- DHS ले क्युबा, हाइटी, निकारागुआ र भेनेजुएलाका नागरिकहरू र उनीहरूका नजिकका परिवारका सदस्यहरूलाई अमेरिका आउन अनुरोध गर्न अनुमति दिने नयाँ प्रक्रियाको घोषणा गरेको छ।
- प्रवेश कागजातहरू नभएका अमेरिका बाहिर रहेका योग्य व्यक्तिहरूलाई अब व्यक्तिगत मामिलाको आधारमा, यात्राको लागि अग्रिम स्वीकृतिको लागि, र मानवीय कारणहरूका लागि 2 वर्ष सम्म अस्थायी अवधिको प्यारोलको लागि विचार गर्न सकिनेछ।
- यो प्रक्रियामा सहभागी हुनको लागि, व्यक्तिहरूसँग अमेरिकामा आर्थिक सहयोग प्रदान गर्न सहमत हुने एकजना समर्थक हुनुपर्नेछ। तिनीहरूले सुरक्षा र पृष्ठभूमि जाँचहरू पनि पास गर्नुपर्नेछ, र अन्य योग्यता मापदण्डहरू पूरा गर्नुपर्नेछ।
- यो कार्यक्रमको बारेमा थप जानकारीको लागि, uscis.gov/CHNV मा जानुहोस्।

**भर्खरको आएकाहरू र शरण खोज्नेहरूको लागि जानकारी**

- अमेरिकी सरकार भित्र विभिन्न फरक अध्यागमन एजेन्सीहरू छन्। अध्यागमन र भन्सार प्रवर्तन (Immigration and Customs Enforcement, ICE) अध्यागमन कानून लागू गर्ने एजेन्सी हो, र निश्चित आप्रवासीहरूको निगरानी गर्ने ICE को कार्यक्रमको नाम गहन सुपरिवेक्षण उपस्थिति कार्यक्रम (Intensive Supervision Appearance Program, ISAP) हो।
- केही मानिसहरूले उनीहरूको केसको अंशको रूपमा ICE वा ISAP मार्फत नियमित रूपमा चेक इन गर्नुपर्छ। यदि तपाईं सीमा पार गरेर संयुक्त राज्यमा प्रवेश गर्नुभयो र तपाईंलाई हिरासतमा लिइयो, वा यदि तपाईंलाई देशमा प्रवेश गरेको केहि समय पछि हिरासतमा लिइएमा, तपाईंलाई ICE वा ISAP चेक-इन हुन सक्छ।
- चेक-इन प्रक्रियाको बारेमा थप जानकारीको लागि, निम्नमा जानुहोस् :
  - help.asylumadvocacy.org/faqs-ice-isap (अंग्रेजी)
  - apoyodeasilo.org/preguntas-frecuentes-ice-isap (स्पेनिश)
- यदि अध्यागमन अदालतमा तपाईंको मुद्दा भएमा, तपाईंले आफ्नो ठेगाना ICE र अदालतमा अध्यावधिक राख्नुपर्छ।
- यदि तपाईं सर्नु भएमा, अमेरिकी सरकारलाई आफ्नो ठेगाना अद्यावधिक गराउन जरुरी छ। त्यसो गरेर, तपाईंले सुनुवाइ वा अन्तर्वार्ता सूचनाहरू जस्ता महत्त्वपूर्ण कागजातहरू पत्राचारद्वारा प्राप्त गर्ने कुरा निश्चित गर्नुहुनेछ। तपाईंले अन्तर्क्रिया गर्ने प्रत्येक अध्यागमन एजेन्सीसँग छुट्टै ठेगाना अद्यावधिक गर्नुपर्नेछ।
- तपाईंको ठेगाना सार्ने र अद्यावधिक गर्ने बारेमा थप जानकारीको लागि, यहाँ जानुहोस्:
  - asylumadvocacy.org/faqs-moving-traveling (अंग्रेजी)
  - apoyodeasilo.org/preguntas-frecuentes-mudanza-viajes (स्पेनिश)



# आप्रवास 2/3

**बाल्यकाल आगमनका लागि स्थगित कार्य (Deferred Action for Childhood Arrivals, DACA)**

- अक्टोबर 5, 2022 मा, लुइसियानाको संघीय पुनरावेदन अदालतले DACA हाल लागू गरिएको कानून सम्मत कार्यक्रम होइन भनेर निर्णय गर्यो। पुनरावेदन अदालतले अक्टोबर 31, 2022 मा प्रभावकारी हुने गरि निर्धारण गरिएको बाइडेन प्रशासनको नयाँ 2022 DACA नियमावली मनन् गर्नको लागि टेक्सास जिल्ला अदालतमा मुद्दा फिर्ता पठाएको छ।
- मुद्दा चलिरहेको छ, त्यसैले कार्यक्रममा थप परिवर्तन हुने सम्भावना छ।
- यसै बीचमा, DHS ले DACA नवीकरणका अनुरोधहरू (कार्य अनुमति र अग्रिम प्यारोलको लागि अनुरोधहरू सहित) स्वीकार गर्ने र प्रक्रिया जारी राख्नेछ। DHS ले प्रारम्भिक DACA अनुरोधहरू स्वीकार गर्नेछ तर प्रशोधन गर्ने छैन।
    - यदि तपाईंसँग अहिले DACA भएमा, तपाईंको स्थिति अझै पनि मान्य छ।
    - यदि तपाईंको DACA चाँडै समाप्त हुँदैछ भने, अहिल्यै नवीकरण गर्नुहोस्!
    - यदि तपाईंले USCIS लाई पहिलो पटक प्रारम्भिक DACA आवेदन पेस गर्नुभएको थियो र अहिलेसम्म प्रदान नगरिएको भएमा, त्यो आवेदन रोकिएको छ। यसलाई अर्को सूचना नभएसम्म प्रशोधन गरिने छैन।
- पहिले बाल्यकालमा आगमनहरूको लागि स्थगित कार्य (Deferred Action for Childhood Arrivals, DACA) प्राप्त गरेका व्यक्तिहरूले अब I-821D (DACA नवीकरण आवेदन) र I-765 (वर्क परमिट नवीकरण आवेदन) फारमहरू अनलाइनमा भर्न सक्छन्।
    - यो क्षमता हाल DACA भएका वा वर्षभन्दा कम समय अघि DACA को म्याद समाप्त भएकाहरूको लागि हो।
    - DACA लाई कसरी अनलाइनमा नवीकरण गर्ने भन्ने बारेमा थप जानकारी: uscis.gov/humanitarian/renew-your-daca

**अस्थायी संरक्षित स्थिति (TPS) र स्थगित लागू प्रस्थान (DED)**

- यदि सशस्त्र द्वन्द्व वा प्राकृतिक विपद जस्ता निश्चित परिस्थितिहरूले विदेशी नागरिकहरूलाई सुरक्षित रूपमा फर्कनबाट रोकेमा अमेरिकी सरकारले त्यो देशको लागि TPS तोक्न सक्छ।
- तोकिएको अवधिमा, TPS को लागि आवेदन दिने र प्रदान गरिने मानिसहरू:
    - निर्वासनबाट सुरक्षित हुन्छन्
    - कार्य अनुमति र सामाजिक सुरक्षा नम्बर प्राप्त गर्न सक्छन्
    - यात्राको स्वीकृति प्रदान गर्न सकिनेछ
    - अध्यागमन स्थितिको कारण DHS द्वारा हिरासतमा राख्न सकिने छैन
- TPS एक अस्थायी लाभ हो जसले स्थायी स्थितितर्फ नेतृत्व गर्दैन। यद्यपि, TPS धारकहरूले तिनीहरू योग्य भएका अन्य कुनै पनि अध्यागमन लाभ वा गैर-आप्रवासी स्थितिको लागि आवेदन दिन सक्छन्।
- हाल TPS का लागि तोकिएका देशहरू:
    - अफगानिस्तान,बर्मा(म्यानमार),क्यामरुन,एल,साल्भाडोर,इथियोपिया,हाइटी,होन्डुरस,नेपाल,निकारागुआ,सोमालिया,सुडान, दक्षिणी सुडान, सिरिया, युक्रेन, भेनेजुएला, यमन, इथियोपिया
- निश्चित देशको जानकारी, योग्यताको लागि आवश्यकताहरू, दर्ता अवधि, र नवीनतम अद्यावधिकहरूको लागि, uscis.gov/TPS मा हेर्नुहोस्।
- सबै TPS आवेदकहरूले अब फारम I-821, अस्थायी संरक्षित स्थितिको लागि आवेदन, uscis.gov/i-821 मा अनलाइन फाइल गर्न सक्छन्।
- रोजगार स्वीकृतिको लागि इलेक्ट्रोनिक रूपमा फारम I-765 भरेर आवेदन गर्ने निश्चित TPS लाभार्थीहरू र आवेदकहरूले 540-दिनको स्वचालित रोजगार स्वीकृति कागजात (EAD) विस्तारको बारेमा भाषा समावेश भएको रसिद सूचना प्राप्त गरेका थिएनन्। मार्च 2023 देखि शुरु हुने गरि, यिनीहरूले सही, छाप्न मिल्ने रसीद सूचना प्राप्त गर्नको लागि आफ्नो USCIS अनलाइन खातामा साइन इन गर्न सक्नेछन्, र उनीहरूले पत्र पनि प्राप्त गर्नेछन्। थप जानकारीको लागि, uscis.gov/eadautoextend मा जानुहोस्।

# आप्रवास 3/3

### अफगान र युक्रेनी परोलमा रहेकाहरूको लागि रोजगारको स्वीकृति

- नोभेम्बर 21, 2022 देखि शुरु भई, निश्चित युक्रेनी र अफगानिस्तान परोलमा रहेकाहरू, र तिनीहरूका परिवारका योग्य सदस्यहरू आएपछि काम गर्न स्वीकृत हुनेछन्। यसको अर्थ, तिनीहरूले अमेरिकामा काम गर्न सक्नु अघि USCIS मा तिनीहरूको फारम I-765, रोजगार स्वीकृतको लागि आवेदन स्वीकृत हुनको लागि पर्खनु पर्दैन।
- योग्य परोलमा रहेकाहरूले आफ्नो रोजगार योग्यता प्रमाणित गर्नको लागि आफ्नो रोजगारदातालाई फारम I-94 मात्र देखाउनुपर्नेछ। 90 दिन पछि, तिनीहरूले आफ्नो रोजगारदातालाई EAD (वर्क परमिट) देखाउनुपर्नेछ, तर फारम I-765 फाइल गर्ने शुल्क माफ हुनेछ।
- थप विवरणहरूको लागि, uscis.gov/newsroom/alerts/certain-afghan-and-ukrainian-parolees-are-employment-authorized-incident-to-parole मा जानुहोस् ।

### युक्रेनको लागि एकजुट (Uniting for Ukraine)

- युक्रेनका लागि एकजुट (Uniting for Ukraine) ले अमेरिका (U.S.) बाहिर रहेका युक्रेनी नागरिकहरू र तिनीहरूका नजिकका परिवारका सदस्यहरूलाई, अमेरिकामा आउन र दुई वर्षको प्यारोल अवधिमा अस्थायी रूपमा बस्नको लागि मार्ग प्रदान गर्दछ।
- युक्रेनका लागि युनाइटिङमा सहभागी युक्रेनीहरूको अमेरिकामा एक समर्थक हुनुपर्छ जसले उनीहरूलाई उनीहरूको बसाइको अवधिको लागि आर्थिक सहयोग उपलब्ध गराउन सहमत हुन्छ।
- कार्यक्रम र आवेदन प्रक्रियाको बारेमा थप जानकारीको लागि, DHS को वेबपेज dhs.gov/ukraine हेर्नुहोस्
- युनाइटिङ फर युक्रेन कार्यक्रम सृजना हुनु अघि अमेरिकामा प्यारोल गरिएका युक्रेनीहरूले सामान्यतया एक वर्षको प्यारोल पाएका थिए। DHS ले ती प्रत्येक मामिलालाई एक वर्षको विस्तारको लागि हाल समीक्षा गरिरहेको छ।
    - यदि विस्तार प्रदान गरिएमा, अद्यावधिक गरिएको I-94 हरू i94.cbp.dhs.gov मा उपलब्ध हुनेछ । कामको स्वीकृति पनि विस्तार गरिनेछ, र USCIS ले पत्राचार मार्फत फारम I-797C पठाउनेछ।

### अफगानी शरणार्थी र परोलमा छुट्नेहरूको लागि संसाधनहरू

- अक्टोबर 1, 2022 सम्म, बाइडेन प्रशासनले अफगानीहरूलाई अमेरिकामा प्रवेश गर्न मानवीय परोल प्रयोग गर्न बन्द गर्यो, र यसको सट्टा स्थायी कानूनी स्थिति प्रदान गर्ने आप्रवासी कार्यक्रमहरूको लागि योग्य हुने अफगानी विस्थापितहरूको पुनर्वासमा ध्यान केन्द्रित गर्नेछ।
- नोभेम्बर 22, 2022 मा, USCIS ले सेप्टेम्बर 30, 2023 सम्म केही अफगानी नागरिकहरूको लागि दर्ता गर्ने शुल्कमा छुटहरू विस्तार गर्ने र द्रुत आवेदन प्रशोधन गर्ने घोषणा गर्यो।
- संघीय सरकारको स्रोतहरू:
    - अफगानहरूका लागि USCIS को सार्वजनिक निर्देशन: uscis.gov/humanitarian/information-for-afghans
    - अङ्ग्रेजी, दारी र पश्तोमा “अफगान विशेष आप्रवासी भिसा धारकहरू र परोलीहरूसँग सम्बन्धित रोजगारको जानकारी”: justice.gov/crt/worker-information
    - शरणार्थी पुनर्वास कार्यालयद्वारा संकलन गरिएको संघीय सरकार भरि अफगान सहयोगका स्रोतहरू: acf.hhs.gov/orr/programs/refugees/afghan-assistance-resources
- पुनर्वास संसाधनहरू :
    - न्यूयोर्क राज्य – I-ARC को अफगान पुनर्वास परियोजना : immigrantarc.org/afghanistan
    - न्यूयोर्क शहर – दारी र पश्तोमा उपलब्ध शहरी सेवाहरूको रोडम्याप सहित : nyc.gov/afghanistanresources
    - पश्चिमी न्यूयोर्क – अफगानी निकास भएकाहरूको लागि बफेलो संयुक्त : wnyrac.org
    - अल्बानी / राजधानी क्षेत्र – संसाधन सूची : bit.ly/3kvWRZd
    - इथाका / फिङ्गर लेक्स क्षेत्र – कोर्नेल अफगानिस्तान संसाधन सूची : bit.ly/3CwfFxy



# शिक्षा

### Promise NYC बाल स्याहार सहयोग

- जनवरी 2023 मा, न्यूयोर्क शहरले अध्यागमन स्थितिको कारण अयोग्य भएका, दस्तावेज नगरिएका वा गैर-नागरिक बच्चा भएका न्यून आय भएका परिवारहरूलाई बाल स्याहार अनुदान उपलब्ध गराउने नयाँ कार्यक्रम Promise NYC शुरु गरेको छ।
- कार्यक्रमले जनवरी देखि जुन 2023 सम्म कम्तीमा 600 जना बच्चाहरूलाई सहयोग गर्नेछ।
- परिवारहरू योग्य हुन सक्छन् यदि तिनीहरू :
  - बाल स्याहार अनुदानको अन्य प्रकारहरूको लागि योग्य नभएका
  - 0-13 वर्षको बच्चा भएका
  - घरपरिवारको आय संघीय गरिबी स्तरको 300% भन्दा कम भएका
- परिवारहरूलाई उनीहरूको बरोमा निम्न तोकिएका सामुदायिक संस्थाहरूमा सकेसम्म छिटो आवेदन दिन प्रोत्साहित गरिन्छ :
  - ब्रोंक्स र म्यानह्याटन : उत्तरी म्यानह्याटन सुधार संस्थान [Northern Manhattan Improvement Corporation] (212-822-8300, nmic.org/promisenyc)
  - ब्रुकलिन : पारिवारिक जीवनको लागि केन्द्र [Center for Family Life] (718-438-9500, centerforfamilylife.org)
  - स्टेटन आइल्याण्ड : ला कोल्मेना [La Colmena] (718-442-7700, lacolmenanyc.org)
  - क्वीन्स : चिनियाँ-अमेरिकी योजना परिषद [Chinese-American Planning Council] (718-358-8899, cpc-nyc.org)



### विद्यालय वर्ष 2022-23

- NYSED र रिजेन्ट्सको बोर्डले जुन 2020, अगस्त 2020, जनवरी 2021, जुन 2021, अगस्ट 2021 र जनवरी 2022 मा रीजेन्ट्स परीक्षाहरूमा COVID-19 छुटहरू स्वीकृत गरेको छ। यदि कुनै विद्यार्थीले COVID-19 जाँचको छुट प्राप्त गरेमा, उनीहरूले उत्तीर्ण हुनको लागि त्यो जाँचमा सहभागी / पुन: सहभागी हुनु पर्दैन। अहिले, जुन 2022 वा अगस्त 2022 जाँचहरूको लागि कुनै पनि COVID-19 छुटहरू स्वीकृत गरिएको छैन।
  - COVID-19 छुटहरूको बारेमा थप विवरणहरूको लागि, बच्चाहरूको लागि अधिवक्ताहरू "COVID-19 को कारण उत्तीर्णका आवश्यकताहरूमा परिवर्तनहरूको सारांश" हेर्नुहोस्।
  - विद्यार्थीहरूको रिजेन्ट्स जाँचका अधिकारहरूको बारेमा थप विवरणहरूको लागि, बच्चाहरूको लागि अधिवक्ताहरू "रिजेन्ट्स जाँचका अधिकारहरू" हेर्नुहोस्।
  - advocatesforchildren.org/get_help/guides_and_resources/transition मा जानकारी धेरै भाषाहरूमा उपलब्ध छ

### कलेज वित्तीय सहायता र NYS DREAM ऐन्

- कलेजको लागि पैसा चाहिन्छ ? तपाईंको पहिलो चरण संघीय विद्यार्थी सहायता (FAFSA) को लागि संघीय सरकारको नि:शुल्क आवेदन भर्नु हो । अब शुरु गर्ने समय हो : केही संघीय र राज्य पैसा पहिले आउनेलाई पहिलो सेवामा हुन्छ। studentaid.gov/FAFSA मा आवेदन दिनुहोस्।
- विद्यार्थी र कलेजको लागि पैसा खोज्ने परिवारहरूलाई मार्गनिर्देशन र स्रोतहरू प्रदान गर्ने वेबसाइट UnderstandingFAFSA.org मा सहयोग प्राप्त गर्नुहोस्।
  - हाई स्कूलका विद्यार्थीहरूका लागि उनीहरूको नि:शुल्क FAFSA कसरी गर्ने गाइड दशवटा भाषाहरूमा उपलब्ध छ।
  - वेबसाइटले कागजात नभएका विद्यार्थीहरू र आप्रवासी परिवारहरूका लागि कसरी गर्ने पृष्ठहरू अपडेट गरेको छ।
- सिनेटर जोसे पेराल्टा न्यूयोर्क राज्य ड्रीम कानूनले दस्तावेज नगरिएका र अन्य विद्यार्थीहरूलाई उनीहरूको उच्च शिक्षाका खर्चहरूलाई सहयोग गर्ने NYS द्वारा प्रशासित अनुदान र छात्रवृत्तिमा पहुँच प्रदान गर्छ।
  - थप जानकारीको लागि वा निवेदन दिनको लागि hesc.ny.gov/dream मा जानुहोस्

# प्रजातन्त्र

**हाम्रो निर्वाचन प्रणाली र तिनीहरूले कसरी काम गर्छन् भन्ने बारेमा थप जान्नको लागि, हाम्रो भिडियोहरू हेर्नुहोस्:**

- **अंग्रेजी : youtu.be/-F-xuJO4NpI**
- **स्पेनिश : youtu.be/kkaEnGIk-pY**

**प्राथमिक निर्वाचन : जुन 27, 2023**

- यो प्राथमिक निर्वाचनमा मतदान गर्न वा आफ्नो ठेगाना परिवर्तन गर्न दर्ता गर्ने अन्तिम दिन जुन 17, 2023 हो।
- न्युयोर्क राज्यको प्राथमिक निर्वाचनमा भाग लिनको लागि, तपाईं निर्वाचन गराउने पार्टीमा दर्ता भएको हुनुपर्नेछ।
    - यदि तपाईं अहिले कुनै पनि पार्टीसँग आबद्ध हुनुहुन्न र कुनैमा नामाङ्कन हुन चाहनुहुन्छ भने, वा यदि तपाईं आफ्नो पार्टीसँगको आबद्धता परिवर्तन गर्न चाहनुहुन्छ भने, तपाईंले आफ्नो परिवर्तनहरू प्रतिबिम्बित गर्नको लागि नयाँ मतदाता दर्ता फारम भर्नुपर्नेछ।
    - जुन 2023 को प्राथमिक निर्वाचनको लागि आफ्नो पार्टी नामाङ्कन परिवर्तन गर्ने अन्तिम दिन फेब्रुवरी 14, 2023 हो।
- आफ्नो मतदाता दर्ता र पार्टी आबद्धताको समीक्षा गर्नको लागि, voterlookup.elections.ny.gov मा जानुहोस्।
    - यदि तपाईंसँग आफ्नो दर्ताको स्थिति बारेमा प्रश्नहरू भएमा, आफ्नो काउन्टी निर्वाचन बोर्डलाई सम्पर्क गर्नुहोस्: http://www.elections.ny.gov/CountyBoards.html
    - NYC निवासीहरू: भ्रमण गर्नुहोस् vote.nyc



**मतदान दिनको लागि दर्ता गर्नुहोस्**

- यदि तपाईं 16+ वर्षको, अमेरिकी नागरिक र चुनाव भन्दा कम्तिमा 30 दिन अघि NY को निवासी हुनुहुन्छ भने मतदान गर्न दर्ता गर्न सक्नुहुन्छ।
    - यदि तपाईं 16 वा 17 वर्षको हुनुहुन्छ भने, तपाईं मतदान गर्न पूर्व-दर्ता गर्न सक्नुहुन्छ तर 18 वर्षको उमेर सम्म मतदान गर्न सक्नुहुन्न।
    - यदि तपाईं कुनै अपराधको सजायको लागि जेलमा हुनुहुन्छ वा अदालतले मानसिक रूपमा असक्षम ठहर्‍याइनुभएको छ भने तपाईंले मतदान गर्नको लागि दर्ता गर्न सक्नुहुन्न।
- चुनावहरूको NYS बोर्ड: www.elections.ny.gov/VotingRegister.html
- चुनावहरूको NYC बोर्ड: vote.nyc/page/register-vote
- अनलाइन दर्ता गर्नुहोस् (तपाईंसँग NYS चालक इजाजतपत्र, अनुमति वा गैर-चालक आइडी भएमा): voterreg.dmv.ny.gov/MotorVoter
- फोनद्वारा कागजी दर्ता फारम अनुरोध गर्नुहोस् (अंग्रेजी वा स्पेनिशमा उपलब्ध छ): 1-800-FOR VOTE (1-800-367-8683)
- तपाईं मतदान गर्नको लागि दर्ता हुनुभएको छ कि छैन भन्ने निश्चित छैन? voterlookup.elections.ny.gov मा आफ्नो मतदाता दर्ता स्थिति जाँच गर्नुहोस्

**"द पिपुल्स मनी" – NYC शहरव्यापी सहभागितामूलक बजेट**

- "द पिपुल्स मनी" न्यूयोर्क शहरको पहिलो शहरव्यापी सहभागितामूलक बजेट (PB) प्रक्रिया हो।
- 11 वर्ष र माथिका सबै NYC बासिन्दाहरूले, अध्यागमनको स्थितिलाई जेसुकै भए पनि, स्थानीय समुदायको आवश्यकताहरूलाई सम्बोधन गर्न शहरको बजेटको $5 मिलियन कसरी खर्च गर्ने भनेर निर्णय गर्न सक्नेछन्।
- बासिन्दाहरूले मे 1 देखि जुन 25, 2023 सम्म आफ्ना मनपर्ने परियोजनाहरू अनलाइन, व्यक्तिगत रूपमा वा फोन मार्फत मतदान गर्न सक्नेछन्।
- थप जानकारीको लागि participate.nyc.gov मा जानुहोस्।

# अर्थव्यवस्था 1/2




**2023 मा आफ्नो कर फाइल गर्ने**

- 2023 को कर सिजन शुरु भएको छ! IRS ले 2022 को कर वर्ष रिटर्नहरू स्वीकार र प्रशोधन गरिरहेको छ, र फाइल गर्ने अन्तिम मिति मंगलबार, अप्रिल 18, 2023 हो।
- कर वर्ष 2022 को लागि महत्त्वपूर्ण परिवर्तनहरू :
  - 2021 मा विस्तार गरिएका केही कर क्रेडिटहरू 2019 को स्तरमा फर्किनेछन्। यसको अर्थ प्रभावित करदाताहरूले अघिल्लो कर वर्षको तुलनामा थोरै रकम रिटर्न पाउनेछन्। परिवर्तनहरूमा बाल कर क्रेडिट (Child Tax Credit, CTC), अर्जित आयकर क्रेडिट (Earned Income Tax Credit, EITC) र बाल र आश्रित स्याहार क्रेडिट (Child and Dependent Care Credit) को लागि रकमहरू समावेश छन्।
    - CTC को लागि 2021 मा प्रति आश्रित $3,600 प्राप्त गर्नेहरूले, यदि योग्य भएमा, 2022 कर वर्षको लागि $2,000 प्राप्त गर्नेछन्।
    - EITC को लागि, 2021 मा लगभग $1,500 प्राप्त गर्ने बच्चा नभएका योग्य करदाताहरूले अब 2022 मा बढीमा $560 पाउनेछन्।
    - बाल र आश्रित स्याहार क्रेडिट (Child and Dependent Care Credit) 2021 मा $8,000 को सट्टा 2022 मा बढीमा $2,100 मा फर्किनेछ।
  - 2020 र 2021 को विपरीत, 2022 को लागि कुनै नयाँ प्रोत्साहन भुक्तानीहरू थिएनन् त्यसैले करदाताहरूले थप भुक्तानी पाउने आशा गर्नु हुँदैन।
  - तपाईंको कर रिटर्नलाई असर गर्न सक्ने परिवर्तनहरूको बारेमा थप जानकारीको लागि, irs.gov/newsroom/important-tax-alerts-and-news मा जानुहोस्।
- तपाईंको कर फाइल गर्न सहयोग चाहिन्छ?
  - तपाईं स्वयंसेवक आयकर सहयोग (Volunteer Income Tax Assistance, VITA), वृद्धहरूको लागि कर परामर्श (Tax Counseling for the Elderly, TCE), र कर-सहयोग कार्यक्रमहरूबाट IRS द्वारा प्रमाणित स्वयंसेवकहरूद्वारा नि:शुल्क कर तयारी सहयोग प्राप्त गर्न सक्नुहुन्छ।
    - यदि तपाईंको आम्दानी $60,000 वा कम छ, तपाईं 60 वर्ष वा माथिको हुनुहुन्छ, वा तपाईं असक्षम हुनुहुन्छ वा सीमित अंग्रेजी बोल्न सक्नुहुन्छ भने यी सेवाहरू उपलब्ध छन्।
    - थप जानकारीको लागि र आफ्नो नजिकको स्थान पत्ता लगाउनको लागि irs.gov/VITA मा जानुहोस्
  - GetYourRefund.org मार्फत आफ्नो रिटर्न तयार गर्नको लागि IRS द्वारा प्रमाणित स्वयंसेवकहरूसँग जोडिन सक्नुहुन्छ।
    - यदि तपाईंको आम्दानी $66,000 वा कम छ भने यो सेवा नि:शुल्क छ, र यदि तपाईं प्रविधिको प्रयोग सजिलै गर्न हुनुहुन्छ भने यो एउटा राम्रो विकल्प हो।
  - तपाईंले irs.gov/freefile मा IRS फ्री फाइल मार्फत आफ्नो रिटर्न तयार पार्न र फाइल गर्न सक्नुहुन्छ
    - यदि तपाईंको आम्दानी $73,000 वा कम छ भने, तपाईं निर्देशित रिटर्न तयारी सहयोगमा पहुँच गर्न सक्नुहुन्छ।
- व्यक्तिगत करदाता पहिचान नम्बर (Individual Taxpayer Identification Number, ITIN) को साथमा कर फाइल गर्ने
  - अमेरिकी करदाता पहिचान नम्बर चाहिने तर सामाजिक सुरक्षा नम्बर (Social Security Number, SSN) को लागि योग्य नभएका मानिसहरूका लागि ITIN हरू उपलब्ध छन्। ITIN भएमा तपाईंलाई करहरू फाइल गर्न र तपाईं योग्य भएको कर क्रेडिटहरू दाबी गर्न अनुमति दिन्छ।
  - कसरी आवेदन गर्ने, तपाईं कुन कर क्रेडिटहरूको लागि योग्य हुन सक्नुहुन्छ भन्ने बारेमा थप जान्नको लागि, र ITIN प्राप्त गर्ने अन्य लाभहरूको लागि, taxoutreach.org/tax-filing/itin मा जानुहोस्।
- घोटालाहरूको बारेमा चनाखो हुनुहोस् ! IRS ले तपाईंको व्यक्तिगत वा वित्तीय जानकारी सोधेर कहिल्ये पनि तपाईंलाई टेक्स्ट, इमेल पठाउने, वा सामाजिक सञ्जालमा सम्पर्क गर्दैन।
  - हालको कर घोटालाहरू कसरी पहिचान गर्ने र रिपोर्ट गर्ने भन्ने बारेमा irs.gov/alerts मा जान्नुहोस्

# अर्थव्यवस्था 2/2

**न्यूनतम ज्यालामा वृद्धि**

- अक्टोबर 1, 2022 देखि प्रभावकारी हुने गरि, न्यूयोर्क शहर, लङ आइल्याण्ड र वेस्टचेस्टरमा घरमा हेरचाह गर्ने सहयोगीहरूको लागि न्यूनतम पारिश्रमिक प्रति घण्टा $17.00, र बाँकी न्यूयोर्क राज्यको लागि प्रति घण्टा $15.20 सम्म बढाइएको छ।
- डिसेम्बर 31, 2022 देखि शुरु हुने गरि, न्यूयोर्क शहर, लङ आइल्याण्ड, र वेस्टचेस्टर बाहिरका कामदारहरूको लागि सामान्य न्यूनतम ज्याला प्रति घण्टा $14.20 सम्म बढ्नेछ।
- NYS न्यूनतम ज्याला नियमावलीहरूको सिंहावलोकनको लागि, dol.ny.gov/minimum-wage-0 मा जानुहोस्।



**COVID-19 पुँजीगत लागत कर क्रेडिट कार्यक्रम**

- $250 मिलियन COVID-19 पुँजीगत लागत कर क्रेडिट कार्यक्रमले संरचनात्मक परिवर्तनहरू र स्वास्थ्यसँग-सम्बन्धित आपूर्ति र सामग्रीहरूको निर्माण स्तरवृद्धिको कारण महामारी-सम्बन्धित संचालन लागतहरूको बोझमा परेका NYS साना व्यवसायहरूलाई आर्थिक सहयोग प्रदान गर्दछ।
- यो कार्यक्रम NYS मा 100 जना वा कम कर्मचारीको साथमा संचालन भएका र $2.5 मिलियन भन्दा कम सकल प्राप्ति भएका साना व्यवसायहरूका लागि खुल्ला छ। व्यवसायले जनवरी 1, 2021 र डिसेम्बर 31, 2022 बीचको योग्यता खर्चको कम्तीमा $2,000 खर्च गरेको हुनुपर्नेछ।
- साना व्यवसायहरूले $50,000 को योग्यता खर्चको आधारमा कर क्रेडिटहरूमा बढीमा $25,000 सम्म योग्यता खर्चको 50% कर क्रेडिट प्राप्त गर्न सक्छन्।
- थप जानकारी र आवेदन दिनको लागि, esd.ny.gov/covid-19-capital-costs-tax-credit मा जानुहोस्।

**न्यूयोर्क राज्य बीज कोष अनुदान कार्यक्रम**

- न्यूयोर्क राज्य बीज कोष अनुदान कार्यक्रमले प्रारम्भिक चरणका साना व्यवसायहरूलाई न्यूयोर्क राज्यको अर्थतन्त्र पुन: प्राप्तिमा सफल हुन सहयोग प्रदान गर्दछ।
- अनुदानको रकम $5,000 देखि $25,000 सम्म छ।
- योग्यता :
  - स्वतन्त्र कलाका ठेकेदारहरू सहित हालको सम्भाव्य सूक्ष्म-व्यवसाय, साना व्यवसाय, वा नाफाको लागि कला र सांस्कृतिक संस्था भएको।
  - सेप्टेम्बर 1, 2018 वा त्यसपछि व्यवसाय शुरु गरेको र आवेदन पेश गर्नु अघि कम्तीमा छ महिनाको लागि सञ्चालन गरेको।
  - प्रति व्यवसाय एउटा मात्र EIN वा SSN अनुदानको अनुमति छ
  - न्यूयोर्क राज्य COVID-19 महामारी साना व्यवसाय पुन: प्राप्ति अनुदान कार्यक्रम अन्तर्गत व्यवसाय सहयोगको लागि योग्य नभएको।
- योग्यता, कागजातका आवश्यकताहरू, र योग्यताको लागतहरूको बारेमा थप जानकारीको लागि, र आवेदन दिनको लागि, nyseedgrant.com मा जानुहोस्। आवेदन गाइडहरू विभिन्न भाषाहरूमा उपलब्ध छन्।

**NYC साना व्यवसाय अवसर कोष**

- NYC साना व्यवसाय अवसर कोष (Small Business Opportunity Fund) ले न्यूयोर्क शहरका पाँचवटा बरोहरूमा साना व्यवसायका मालिकहरू र उदीयमान उद्यमीहरूलाई लचिलो, कम स्थिर-ब्याज-दरको पुँजी र निःशुल्क व्यवसाय सहयोग सेवाहरू प्रदान गर्दछ।
  - कुनै न्यूनतम क्रेडिट स्कोर आवश्यक नभएको
  - 4% निश्चित ब्याज दरमा $250,000 सम्मको ऋण
  - विश्वसनीय, स्थानीय, मिशनद्वारा संचालित ऋणदाताहरूबाट निःशुल्क व्यवसाय सहयोग
  - आवेदन गर्न सजिलो
  - कुनै आवेदन शुल्क नभएको
  - सबै चरणहरू – स्टार्टअप देखि बढ्दो पुनर्निर्माण सम्म व्यवसायहरूको लागि खुला
- थप जानकारीको लागि र आवेदन दिनको लागि sbsopportunityfund.nyc मा जानुहोस्

# आफ्ना अधिकारहरू थाहा पाउनुहोस्



**समुदायका सदस्यहरू र सहयोगीहरू अध्यागमन र भन्सार प्रवर्तन (ICE), सीमा गस्ती, वा अन्य कानून प्रवर्तनसँग व्यवहार गर्दा आफ्ना अधिकारहरूको बारेमा सचेत हुनुपर्छ।**

**ICE सँग अन्तरक्रिया गर्दै**

- शान्त रहनुहोस्। नदौडनुहोस्। अधिकृतको विरोध वा अवरोध नगर्नुहोस्।
- झूट नबोल्नुहोस् वा झूटा कागजातहरू प्रदान नगर्नुहोस्।
- तपाईंलाई मौन बस्ने अधिकार छ। तपाईंले भन्नु भएको कुनै पनि कुरा तपाईंको विरुद्धमा प्रयोग हुन सक्छ।
- यदि कुनै एजेन्टले तपाईंलाई वा तपाईंको सामानहरू जाँच गर्नको लागि सोधेमा, तपाईंसँग हुँदैन भन्ने अधिकार छ।
  - तर, तपाईंले शारीरिक रूपमा प्रतिरोध गर्न सक्नुहुन्न।
  - प्रहरीले यदि हतियारको शंका गरेमा उनीहरूले तपाईंको लुगामा थपथपाउन सक्छन्।
- यदि तपाईं अमेरिकी नागरिक हुनुहुन्न र अध्यागमन एजेन्टले तपाईंको अध्यागमन कागजातहरूको अनुरोध गरेमा, तपाईंले यदि ती कागजातहरू तपाईंसँग छन् भने देखाउनुपर्छ।
- यदि तपाईंलाई कानून प्रवर्तनद्वारा रोकिएमा, हिरासतमा राखिएमा, वा उत्पीडन गरिएमा, एजेन्ट(हरू) को नाम, नम्बर, र पहिचान हुने अन्य कुनै जानकारी प्राप्त गर्ने प्रयास गर्नुहोस्।
- तपाईं वा समुदायमा अरू कसैले कानून प्रवर्तनसँग अन्तरक्रियाको भिडियो वा अडियो रेकर्डिङ लिन सक्नुहुन्छ। तिनीहरू गएपछि के भयो भनेर पनि तपाईंले लेख्न सक्नुहुन्छ।
- कानून प्रवर्तन अधिकृतहरूले तपाईंको जाति, राष्ट्रिय मूल, धर्म, लिङ्ग, वा जातिको आधारमा कुनै पनि रोक लगाउन, तलासी गर्न, हिरासतमा राख्न वा डिपोट गर्न अवैध छ।

**तपाईले संघीय एजेन्टहरूसँगको अन्तरक्रियालाई आप्रवासी रक्षा परियोजना (IDP) मा रिपोर्ट गर्न सक्नुहुन्छ।**

**IDP ले पक्राउमा परेका, टिकट पाएका, वा अपराधको आरोप लागेका आप्रवासीहरूलाई कानूनी जानकारी र रिफरलहरू पनि प्रदान गर्दछ। 212-725-6422 मा फोन गर्नुहोस् वा info@immdefense.org मा इमेल गर्नुहोस्।**

**निजी स्थानहरू**

- तपाईंको घर र अन्य "निजी स्थानहरू" (जस्तै कार्यस्थलको कर्मचारी-मात्र क्षेत्रहरू) ले सार्वजनिक स्थानहरूले दिन नसक्ने विशेष सुरक्षाहरू दिन्छ। अधिकृतहरूले तपाईंको सहमति भएमा वा उनीहरूले तपाईंलाई न्यायिक वारेन्ट (न्यायाधीशले हस्ताक्षर गरेको) देखाएमा मात्र निजी स्थानहरूमा प्रवेश गर्न सक्छन्।

**संरक्षित क्षेत्रहरू**

- अक्टोबर 27, 2021 मा, गृह सुरक्षा विभाग (Department of Homeland Security) ले एउटा नयाँ नीति जारी गरेको छ जसले "सुरक्षित क्षेत्रहरू" मा वा त्यसको नजिक ICE र CBP प्रवर्तन कार्यहरूलाई प्रतिबन्धित गर्दछ।
- संरक्षित क्षेत्रका उदाहरणहरू समावेश छन्, तर यसमा सीमित छैनन् : स्कूल र अन्य शैक्षिक संस्थाहरू वा समारोहहरू, स्वास्थ्य सेवा सुविधाहरू, पूजा गर्ने स्थानहरू, बच्चाहरू भेला हुने स्थानहरू, सामाजिक सेवाका स्थानहरू, विपद् वा आपतकालीन प्रतिक्रिया केन्द्रहरू, विवाह र अन्त्येष्टि जस्ता समारोहहरू, र परेड र जुलुस जस्ता सार्वजनिक प्रदर्शनहरू।
- न्यूयोर्क राज्यमा, संघीय अध्यागमन एजेन्टहरूले न्यायिक वारेन्ट बिना राज्य, शहर र नगरपालिका अदालतहरूमा त्यहाँ जान वा फर्कने मानिसहरूलाई पक्राउ गर्न सक्दैनन्।

**अध्यागमन ठगीबाट सचेत रहनुहोस्**

- अध्यागमन कानून जटिल छ। कृपया कुनै पनि व्यक्ति वा व्यवसायसँग आफ्नो अवस्थाको बारेमा छलफल गर्दा सावधान रहनुहोस्।
- तपाईंले आफ्नो अवस्थाको बारेमा कानुनी सल्लाहको लागि वकील वा न्याय विभाग (DOJ) को मान्यता प्राप्त प्रतिनिधिसँग मात्र कुरा गर्नुपर्छ।
- "नोटरियो", ट्राभल एजेन्ट, कर तयारीकर्ता, फारम तयारीकर्ता, वा नोटरीबाट कहिल्यै पनि अध्यागमन सहयोग नलिनुहोस्। अमेरिकामा, "नोटरियो" वकील होइन!

**यदि तपाईंलाई आफ्नो मुद्दामा सहयोग चाहिएमा वा सामान्य अध्यागमन प्रश्नहरू भएमा, नयाँ अमेरिकीहरू (New Americans) अफिसको हटलाइन 1-800-566-7636 मा फोन गर्नुहोस्।**

# घृणा अपराधहरू

**हालसालैका महिनाहरूमा, आप्रवासी समुदायका सदस्यहरू विरूद्ध घृणा अपराधका रिपोर्टहरू बढिरहेका छन्।**

**घृणा अपराध भनेको के हो?**

- घृणा अपराध भनेको पक्षपातद्वारा प्रेरित गरिने आक्रमण हो।
- संग्रह वा उनीहरूको जात, राष्ट्रिय मूल, वंश, लिङ्ग, धर्म धार्मिक अभ्यास, उमेर, असक्षमता वा यौन झुकावको कारणले पीडितलाई निशाना बनाएर निर्दिष्ट गरिएको अपराधको सेटमध्ये एउटा अपराध गर्दा वा उक्त प्रकारको संग्रह वा विश्वासको नतिजाको रूपमा त्यस्ता कार्य गर्दा व्यक्तिले घृणा अपराध गर्छ।
- गभर्नर Cuomo ले न्यूयोर्क राज्यभर पक्षपातद्वारा प्रेरित धम्कीहरू, उत्पीडन तथा हिंसाको रिपोर्टहरूका बढावलाई कम गर्नका लागि घृणा अपराधसम्बन्धी कार्य दलको सिर्जना गर्नुभएको छ।
- घृणा अपराधहरू रिपोर्ट गरिसकेपछि, तपाईंको अनुभव, पहिचान र अन्य सम्बन्धी सबै जानकारी गोप्य रहन्छ।

**तपाईंले केही कुरा देख्नुहुन्छ भने वा घृणा अपराधको पीडित हुनुहुन्छ भने, त्यसो बारेमा प्रहरी कहाँ रिपोर्ट गर्नुहोस् र NYS मानव अधिकार विभागलाई कल गर्नुहोस्। 1-888-392-3644 मा कल गर्नुहोस् वा 81336 लाई "HATE" टेक्स्ट गर्नुहोस्।**

**तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्ति अपराधको शिकार भएमा, NYS पीडित सेवाहरूको कार्यालयले चिकित्सा बिलहरू, परामर्श खर्चहरू, समाधि तथा क्रियाक्रमका लागतहरू, गुमेका ज्यालाहरू र अन्य प्रकारका सहायतामा मद्दत गर्न सक्षम हुनसक्छ। 1-800-247-8035 मा कल गर्नुहोस् वा ovs.ny.gov मा जानुहोस्।**


**NYC का निवासीहरू र वरिपरिका काउण्टीहरूका लागि**

NYC भित्र:

- सार्वजनिक अधिवक्ता
  - 212-669-7250
- Manhattan डिस्ट्रिक्टको वकील
  - 212-335-3100
  - manhattanda.org/victim-resources/hate-crimes
- Brooklyn डिस्ट्रिक्टको वकील
  - 718-250-4949
  - brooklynda.org/hate-crimes-bureau
- Queens डिस्ट्रिक्टको वकील
  - 718-286-6000
- NYC मानव अधिकार आयोग
  - 718-722-3131
  - nyc.gov/cchr
- Safe Horizon पीडित सहायता
  - 1-866-689-4357

NYC बाहिर:

- Nassau काउण्टी डिस्ट्रिक्टको वकील
  - 526-571-3505
  - nassauda.org
- Nassau काउण्टी डिस्ट्रिक्टको वकील, आप्रवासन मामिला कार्यालय
  - 516-571-7756
- Nassau काउण्टी कार्यकारी Laura Curran
  - 516-571-3131
- Suffolk काउण्टी डिस्ट्रिक्टको वकील
  - 631-853-4161
  - suffolkcountyny.gov/da
- Suffolk काउण्टी प्रहरी विभाग, घृणा अपराधहरूको यूनिट
  - 631-852-6323
- Suffolk काउण्टी, अल्पसङ्ख्यक मामिला विभाग
  - 631-853-4738
- Westchester काउण्टी, मानव अधिकार आयोग
  - 914-995-7710
  - humanrights.westchestergov.com



# NYS संसाधनहरू



**नयाँ अमेरिकीहरूका लागि NYS कार्यालय**

- तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्तिलाई निःशुल्क कानूनी सहायताको आवश्यकता भएमा, हटलाइलाई 1-800-566-7636 मा कल गर्नुहोस्। सबै कलका जानकारी गोपनीय हुन्छन्। 200+ भाषाहरूमा सहायता उपलब्ध छन्।

**NYS स्वास्थ्य विभाग**

- कोभिड-19 माहामारीको बारेमा नवीनतम जाकारीका लागि, हटलाइनलाई 1-888-364-3065 मा कल गर्नुहोस् वा ny.gov/coronavirus मा जानुहोस्।
- न्यूयोर्कमा कोभिड-19 खोपको बारे ny.gov/vaccine मा तथ्यहरू प्राप्त गर्नुहोस्।
- स्वास्थ्य कभरेजको लागि आवेदन दिनुहोस्: 1-855-355-5777 मा nystateofhealth.ny.gov जानुहोस्।

**NYS मानसिक स्वास्थ्य कार्यालय**

- मानसिक स्वास्थ्य सेवाहरूका बारेमा प्रश्नहरूको लागि वा मानसिक स्वास्थ्य सेवा प्रदाय खोज्नका लागि, 1-800-597-8481 मा कल गर्नुहोस् वा omh.ny.gov मा जानुहोस्।
- तपाईंले कोरोनाभाइरस आपतकालीनको कारण व्यग्रता महसुस गर्नुभएको छ भने, 1-844-863-9314 मा सम्पर्क गर्नुहोस्।
- राष्ट्रिय आत्महत्या रोकथाम लाइफलाइन: तपाईं वा अन्य कुनै व्यक्तिको जीवनमा आसन्न खतरामा भएमा, 911 मा कल गर्नुहोस्। तपाईं संकटमा हुनुहुन्छ र तुरुन्तै मद्दतको आवश्यकता परेमा, 1-800-273-8255 मा कल गर्नुहोस् वा 741-741 लाई “GOT5” लेखेर टेक्स्ट गर्नुहोस्।
- घरेलु हिंसा: सम्बन्धमा हुने तपाईं वा अन्य कोहीलाई अर्को व्यक्तिद्वारा मौखिक, शारीरिक वा मौन दुर्व्यवहार वा अन्य रणनीतिमार्फत नियन्त्रित गरिएको छ भने, NYS घरेलु हिंसा हटलाइनलाई 1-800-942-6906 मा कल गर्नुहोस्।

**NYS श्रम विभाग**

- श्रम विभाग कामदारहरूको सुरक्षा तथा स्वास्थ्य, ज्याला र कार्यको अवस्थाहरूको सुरक्षा गर्न र प्रवर्द्धन गर्न प्रतिबद्ध छ।
- ज्याला तथा काम गर्ने समयसम्बन्धी कानून, कार्यस्थलको स्वास्थ्य तथा सुरक्षाको बारेमा जानकारीका लागि वा उजुरी दायर गर्नका लागि, 1-888-469-7365 मा कल गर्नुहोस् वा dol.ny.gov/safety-and-health मा जानुहोस्।
- बेरोजगारी बीमामा मद्दतका लागि, 1-888-209-8124 मा कल गर्नुहोस् वा dol.ny.gov/unemployment/unemployment-insurance-assistance.

**NYS मानव अधिकार विभाग**

- न्यूयोर्कमा मानव अधिकार कानूनले रोजगार, आवास, ऋण, शिक्षा जस्ता क्षेत्रहरूमा र सार्वजनिक आवासहरूको स्थान, उमेर, जात, राष्ट्रिय मूल, यौन, यौन झुकाव, लिङ पहिचान वा हावभाव, वैवाहिक स्थिति, असक्षमता, मिलिटरी स्थिति र अन्य कक्षाहरूमा भेदभावलाई निषेध गर्छ।
- तपाईंलाई भेदभाव गरिएको छ जस्तो महसुस हुन्छ भने, 1-888-392-3644 उजुरी दायर गर्नुहोस् वा dhr.ny.gov मा जानुहोस्।

**न्यूयोर्क सिटी कोभिड-19 संसाधनहरू**

- सेवा प्रदायकहरू वा अन्य संसाधनहरू खोजिरहनुभएका NYC का निवासीहरूले निर्देशिकाहरू तल फेला पार्न सक्नुहुन्छ:
  - शिक्षा: nyic.org/covid-education-resources
  - रोजगारी: nyic.org/covid-employment-resources
  - आर्थिक: nyic.org/covid-financial-resources
  - खाद्यान्न: nyic.org/covid-food-resources
  - स्वास्थ्यस्याहार: nyic.org/covid-healthcare-resources
  - साना व्यवसाय: nyic.org/covid-small-business-resources

यो कागजातलाई अनलाईन वा अन्य भाषाहरूमा हेर्नको लागि,
nyic.org/KYR मा जानुहोस् वा यो कोडलाई स्क्यान गर्नुहोस्:

तपाईंसँग यस टुलकिटको बारेमा प्रश्न वा टिप्पणीहरू भएमा वा यसको बारेमा जानकारी भएमा, कृपया निम्नमा सम्पर्क गर्नुहोस्:
Jennifer Diaz – jdiaz@nyic.org (NYC)
Bryan Lee – blee@nyic.org (Upstate NY)

यदि तपाईं आफ्नो सामुदायिक समूहसँग निःशुल्क तपाईंको अधिकार जान्नुहोस् कार्यशालाको लागि तालिका बनाउन चाहनुहुन्छ भने, कृपया kyr@nyic.org मा सम्पर्क गर्नुहोस्।

न्यूयोर्क इमिग्रेशन कोलिसन (NYIC) भनेको न्यूयोर्कभरको 200 भन्दा बढी आप्रवासी र शरणार्थीको अधिकार समूहहरूलाई प्रस्तुत गर्ने अम्ब्रेला नीति र वकालत संगठन हो।

हामी न्यू योर्क राज्य बलियो भएको कल्पना गर्छौं किनभने सबै मानिसलाई स्वागत,निष्पक्ष रूपमा उपचार, र उहाँहरूको सपनाहरू अनुसरण गर्ने मौका दिइयो। हाम्रो उद्देश्य भनेको आप्रवासी, सदस्य र सहयोगीहरूलाई एकताबद्ध गराउनु हो जसकारण सबै न्यूयोर्कवासीहरू सफल हुन सक्छन्।

NYIC 35 YEARS OF BUILDING IMMIGRANT POWER

**New York Immigration Coalition**
131 W 33rd St, Ste 610
New York, NY 10001
212 627 2227
nyic.org